दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३२० | बुटवल | २०८२ मंसिर १४ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday November 30, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# एमाले महाधिवेशन प्रतिनिधि छनोटमा देशभर उत्साह

आगामी नेतृत्वमा हालका अध्यक्ष केपी शर्मा ओली तेस्रोपटक दोहोरिन खोजेका छन् भने वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले नेतृत्व परिवर्तनको एजेण्डासहित अध्यक्षमा प्रतिस्पर्धा गर्ने घोषणा गरेकाले दुबै पक्षका कार्यकर्ता आफ्नो पक्षका प्रतिनिधि जिताउन सक्रिय भएर खटिएका हुन्।

**देशभर लुम्बिनी संवाददाता**
*बुटवल*



नेकपा एमालेको ११औं महाधिवेशनका मतदाता प्रतिनिधि छनोटका लागि देशभर शनिबार निर्वाचन प्रकृया सम्पन्न भएको छ। कतिपय जिल्लामा निर्विरोध प्रतिनिध चयन भएका छन् भने कतिपय जिल्लामा चुनाव भएको छ। प्रतिनिधि छनोटमा देशभर उत्साहजनकरुपमा पार्टी सदस्यहरुको सहभागिता देखिएको छ।

आगामी नेतृत्वका लागि हालका अध्यक्ष केपी शर्मा ओली तेस्रोपटक दोहोरिन खोजेका छन् भने वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेलले नेतृत्व परिवर्तनको एजेण्डा सहित अध्यक्षमा प्रतिस्पर्धा गर्ने घोषणा गरेका छन्। पोखरेललाई पुर्व उपाध्यक्ष एवं पुर्व राष्ट्रपति विद्यादेवी भण्डारीको साथ छ। नेतृत्वमा दुई पक्षको प्रतिस्पर्धा हुने भएकाले दुबै पक्षका संगठित सदस्य आ-आफ्नो पक्षका प्रतिनिधि जिताउन सक्रियताका साथ प्रतिनिधि छनोटमा सहभागी भएका हुन्।

लुम्बिनी प्रदेशका रुपन्देहीसहित १२ जिल्लामा अपवादबाहेक विवादरहित तरिकाले प्रतिनिधि छनोटको प्रकृया पूरा भएको पार्टीले जनाएको छ। रुपन्देहीका क्षेत्र नं. १, २ र ४ मा मतदानबाट प्रतिनिधि छनोट भएका छन्। भने अन्य क्षेत्रमा सर्वसम्मत भएका छन्।

पार्टी महासचिव शंकर पोखरलेको गृह जिल्ला दाङबाट २३ जना निर्विरोध निर्वाचित भएका छन्। तर त्यहाँ विधि र प्रक्रियाविपरीत गएर एकलौटी ढंगले प्रतिनिधि चयन गरिएको भन्दै लुम्बिनी प्रदेश कमिटी सदस्य कृष्णप्रसाद भुसालले आपत्ति जनाएका छन्।

केन्द्रीय संगठन विभागले जारी गरेको सर्कुलरविपरीत मतदाता नामावली र निर्वाचन कार्यतालिका नै प्रकाशित नगरी साढे १० हजार प्रतिनिधिको हक अधिकार कुण्ठित गरी हचुवाका भरमा प्रतिनिधि छानिएको उनले विज्ञप्ति निकालेर बताएका छन्।

भुसाल जस्तै प्रतिनिधिका आकांक्षी सुरेश गौतमले प्रतिनिधि छनोटमा स्वेच्छारी लादिएको भन्दै प्रतिनिधि छनौटको सम्पूर्ण प्रक्रिया तत्काल खारेज गर्न विज्ञप्तिमार्फत् माग गरेका छन्।

प्रतिनिधि छनोटको यो विधिहीन र मनोमानीपूर्ण निर्णय महासचिव शंकर पोखरेलको निर्देशनमा भएको गौतमले आरोप लगाएका छन्। उनले दाङमा विधि र विधानको हत्या भएको र निर्वाचन समिति र मतदाता नामावलीविना प्रतिनिधि छनोट अस्वीकार्य रहेको बताएका छन्।

विधान र नियमावलीको उल्लंघन गरी प्रतिनिधि छनोटको लागि तोकिएको स्पष्ट विधि र प्रक्रियालाई मिचेर केही सीमित व्यक्तिहरूको स्वार्थ र दबाबमा मनलाग्दी ढंगले नामहरू समावेश गरिएको उनको आरोप छ।

मतदाता नामावली नै प्रकाशित नगरी प्रतिनिधि चयन गर्दा दाङका हजारौं संगठित सदस्यहरू आफ्नो मताधिकार प्रयोग गर्ने संवैधानिक हकबाट वञ्चित भएका र यसले पार्टीप्रति निराशा र वितृष्णा पैदा गरेको उनको तर्क छ।

**धनकुटामा असन्तुष्ट पक्षको वहिस्कार**

उता महाधिवेशन प्रतिनिधि चयनमा एकलौटी गरिएको भन्दै धनकुटामा असन्तुष्ट समूहले निर्वाचन बहिस्कार गरेको छ।

बहिस्कार गर्नु अघि केहि निर्वाचन बुथमा असन्तुष्ट समूहले तोडफोड समेत गरेका छन्। एमालेको महाधिवेशनमा प्रतिनिधि छनौट सर्व सम्मत नभएका ठाँउमा आज निर्वाचन हुँदै छ।

धनकुटामा राजेन्द्र राई र इन्द्रमणी पराजुली पक्ष गरेर २ वटा समूह रहेको छ। इन्द्रमणी समूहले मतदातालाई थाहा नै नदिइ एकलौटी हिसावले निर्वाचन गराएको आरोप लगाएको छ।

पराजुलीले राई पक्षले आफूहरुलाई थाहा नदिई एकलौटी आफू निकटका निर्वाचन अधिकृत तोकेको आरोप लगाए।

उनले भने-'पार्टी कार्यालय निर्वाचन केन्द्रमा फर्जी मत हालेको भेटिएपछि विरोध स्वरुप मत पेटिका फालिएको छ। हामीले तालाबन्दी समेत गरेका छौं।'

धनकुटामा लामो समयदेखि राजेन्द्र राई पक्षधरको वर्चस्व रहँदै आएको छ। धनकुटामा शुक्रबार साँझ ९/४ को सहमति भएको पराजुलीले बताए। उनका अनुसार ९ जना राई पक्ष बाट र ४ जना इतर समूहबाट प्रतिनिधि पठाउने सहमति भएको थियो।

सहमति अनुसार ४ जना बाहेकले मनोनयन फिर्ता लिएपछि शनिबार बिहानबाट निर्वाचन प्रक्रिया सुरु भएको पराजुलीले दाबी गरे। राजेन्द्र राईले भने सर्वसम्मत प्रतिनिधि छनौट हुन नसकेपछि निर्वाचन प्रक्रिया सुरु भएको बताए। उनले पराजय हुने निश्चित भएपछि अराजकता मच्चाएको बताए।

उता मोरङमा प्रतिनिधि छनोटको विषयमा विवाद हुँदा हातपात भएको छ।

**विराटनगरमा हातपात**

पार्टी कार्यालय विराटनगर मोरङ क्षेत्र नम्बर ६ को प्रतिनिधि चयनमा विवाद हुँदा हात हालाहाल भएको हो।

मोरङमा सस्थापन पक्षा र इतर समूहको बिचमा प्यानल भिडन्त छ। सर्व सम्मत प्रतिनिधि छनोट हुन नसकेपछि निर्वाचनमा डबल मत हालेको भन्दै विवाद भएको हो। विवादपछि केहिबेर मतदान स्थगित समेत भएको थियो। संस्थापन पक्षका पर्शुराम बस्नेतमाथि वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेल पक्षधरले हातपात गरेको आरोप छ।

**दलितमाथि उपेक्षा भएको गुनासो**

नेकपा (एमाले) निकट मुक्ति समाजका पूर्व महासचिव तथा राष्ट्रिय सभाका पूर्व सदस्य खेम नेपालीले पार्टीको ११औं महाधिवेशनका लागि भइरहेको प्रतिनिधि छनोट प्रक्रियामा दलित समुदाय पुनः उपेक्षित भएको आरोप लगाएका छन्। उनले फेसबुकमार्फत् टिप्पणी गर्दै दलितलाई फेरि पनि "अछुतझैं" बनाइएको दाबी गरेका छन्।

खेम नेपालीका अनुसार एमालेले प्रतिनिधि चयनका लागि तोकेको तीन निर्वाचन क्षेत्रमा छुट्टै "दलित निर्वाचन क्षेत्र" बनाइएको प्रावधान नै विभेदकारी छ। दलितले दलित मात्र चुन्न र चुनिन पाउने व्यवस्था समाजमा विद्यमान तल्लो-उपल्लो सोचलाई अझ मजबुत बनाउने प्रवृत्ति भएको उनको टिप्पणी छ।

"समाजमा पानी अचल त थियो नै, यसपटक मत पनि नचल्ने बनाइएको छ।"- उनले लेखेका छन्।

## एनपीएलः
## च्याम्पियन जनकपुरलाई हराउँदै सुदूरपश्चिम 'प्लेअफ' मा



बुटवल। साविक विजेता जनकपुर बोल्ट्सलाई पराजित गर्दै सुदूरपश्चिम रोयल्सले सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल)को प्लेअफमा स्थान पक्का गरेको छ। शनिबार भएको खेलमा सुदूरपश्चिमले जनकपुरलाई ६ विकेटले पराजित गर्दै प्लेअफमा स्थान सुरक्षित गरेको हो। एनपीएलमा लगातार पाचौँ जित दर्ता गरेको सुदूरपश्चिम अपराजित रहँदै प्लेअफमा स्थान बनाउने पहिलो टोली बनेको छ।

पाँच खेलबाट १० अंक बनाएको सुदूरपश्चिम अंक तालिकाको शीर्ष स्थानमा छ। सुदूरपश्चिमले लिग चरणमा चितवन, विराटनगरसँग खेल्न बाँकी छ। लगातार चौथो खेलमा हार भोगेसँगै साविक विजेता जनकपुर बोल्ट्सको प्लेअफमा पुग्ने सम्भावना कठिन भएको छ। जनकपुरले अब चितवन राइनोज, लुम्बिनी लायन्स र कर्णाली याक्ससँग खेल्न बाँकी छ।

जनकपुरले दिएको एक सय ४६ रनको लक्ष्य सुदूरपश्चिमले १७.४ ओभरमा चार विकेटको क्षतिमा भेट्टायो। तेस्रो विकेटका लागि विनोद भण्डारी र इशान पाण्डेले ९२ रनको साझेदारी गर्दै सुदूरपश्चिमको इनिङ्स उकासेका थिए। सुदूरपश्चिमले दोस्रो ओभरमा नै एक रन बनाउँदा दुई विकेट गुमाएको थियो। सुदूरपश्चिमका लागि इशान पाण्डेले अर्धशतक बनाए। उनले ३३ सात चौका र एक छक्का प्रहार गरे। उनी ६५ रनमा आउट भए। त्यस्तै, विनोद भण्डारी ४९ बलमा तीन चौका र एक छक्काको सहयोगमा ४२ रन बनाउँदै पेभेलियन फर्के। अर्का ओपनर जस ब्राउन गोल्डेन डकआउट भए। क्रिस लिन एक रन बनाउँदा क्याच आउट भए। हरमित सिंह २५ र कप्तान दीपेन्द्रसिंह ऐरी १० रनमा नटआउट रहे। जनकपुरका लागि माज सदाकतले दुई विकेट लिए। सञ्जय कृष्णमूर्तिले एक विकेट आफ्नो नाममा गरे। यसअघि टस जितेर ब्याटिङ गरेको जनकपुरले आठ विकेटको क्षतिमा एक सय ४५ रन बनाएको थियो। जनकपुरका लागि सञ्जय कृष्णमूर्तिले अर्धशतक पूरा गरे। ३७ बलमा चार चौका र दुई छक्का सहयोगमा अर्धशतक पूरा गरेका सञ्जय ३८औँ बलमा बोल्ड आउट भए। त्यस्तै, ३३ बलमा चार चौका र दुई छक्काको सहयोगमा ३९ रन बनाएका जान निकोल लफ्टी इटोन अविनास बोहराको बलमा हरमित सिंहको हातबाट क्याच आउट भए।

» बाँकी ३ पेजमा

## नेकपाद्वारा वृहत् एकताको अपील

बुटवल। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले वामपन्थी, समाजवादी तथा देशभक्त शक्तिहरूबिच वृहत् एकताको आवश्यकता रहेको भन्दै सहकार्यका लागि औपचारिक आह्वान गरेको छ।

पार्टीले जारी गरेको अपिलमा सात दशकको कम्युनिस्ट आन्दोलनका उतार-चढाव, विभाजन र पुनःएकीकरणका अनुभवका आधारमा १५ वाम तथा समाजवादी समूहको एकीकरणमार्फत् पुनर्गठित पार्टी निर्माण गरिएको उल्लेख छ।

पार्टीले संघीय लोकतान्त्रिक गणतन्त्र, राष्ट्रिय स्वाधीनता, सुशासन, सामाजिक न्याय र समाजवादी रूपान्तरणका पछिल्ला चुनौती गम्भीर बन्दै निष्कर्ष नेकपाको छ।

जेनजी आन्दोलनपछि देखिएको राजनीतिक अस्थिरता, अराजकताका प्रयास र प्रतिगामी शक्तिहरूको सक्रियताले जनक्रान्तिका उपलब्धिमा जोखिम बढाएको भन्दै पार्टीले संवैधानिक मार्गबाट परिवर्तनलाई अगाडि बढाउन निर्वाचन समयमै सम्पन्न गर्नुपर्नेमा नेकपाले जोड दिएको छ।

नेकपाले श्रमजीवी तथा उत्पीडित वर्गका हित, सुशासन र समानतापूर्ण समाज निर्माणका लागि 'नेपाली विशेषताको समाजवाद'लाई रणनीतिक दिशाका रूपमा प्रस्तुत गरेको छ। पार्टीले वामपन्थी, लोकतान्त्रिक र राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई एकीकृत गर्दै समग्र वाम ध्रुवीकरण अपरिहार्य बनेको निष्कर्ष निकालेको छ।

## प्रलोपाले भ्रष्टाचार विरोधी अभियान चलाउने

बुटवल। प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) ले देशभर भ्रष्टाचार विरोधी अभियान चलाउने निर्णय गरेको छ।

भ्रष्टाचार विरोधी अभियान चलाउन जिएस गुरुङको नेतृत्वमा कार्यदल बनाउने निर्णय प्रलोपाको विस्तारित बैठकबाट भएको छ।

कार्यदलमा जटिल कार्की, अमित खनाल ऊर्जा, सम्झना राई, ध्रुवप्रसाद काप्री, मञ्जु मिक्चान र दिपक महतोलगायत छन्।

बैठकले निर्धारित २१ फागुनमै प्रतिनिधिसभाको चुनाव गराउने वातावरण बनाउन सबै पक्षसँग आग्रह पनि गरेको अध्यक्ष परिषद्का अध्यक्ष दुर्गा सोबले जारी गरेको वक्तव्यमा उल्लेख छ।

सँगै, सरकारलाई भ्रष्टाचारको छानबिन, जेनजी आन्दोलनका क्रममा भएका घटनाका दोषीमाथि कारबाही, विदेशमा रहेका प्रवासी नेपालहरूलाई मतदानको व्यवस्था मिलाउनुपर्नेलगायतको माग पनि राखेको छ।

## हेलिकोप्टर चढेर भाग्नु पर्दा पनि ओलीले चेतेनन् : प्रचण्ड



बुटवल। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले चुनाव जितेरै मात्रै केही नहुने बताएका छन्। दुई तिहाइ बहुमत हासिल गर्दा पनि हेलिकोप्टर चढेर भाग्नु परेको भन्दै उनले एमाले अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीलाई कटाक्ष गरे।

दाङको देउखुरीमा आयोजित एकता सन्देशसभालाई सम्बोधन गर्दै प्रचण्डले भने-'चुनाव जितेर मात्रै केही हुँदो रहेनछ, चुनाव मात्रै जितेर मात्र हुन्थ्यो त भने त कांग्रेस र एमालेको दुई तिहाइ थियो नि अस्तिको संसद्मा, के नाप्यो त्यो दुई तिहाइले ? भाग्न पऱ्यो, हेलिकप्टर चढेर भाग्नु पऱ्यो।'

साम्राज्यवादीविरुद्ध लड्न र जनताको पक्षका मुद्दामा लड्न १५ वाम घटकबीच एकता भएको उनको दाबी छ। उनले विगतमा पनि आफूले संसदमा दुई तिहाइको घमण्ड नगर्न तत्कालीन कांग्रेस-एमाले गठबन्धनको सरकारलाई सचेत गराएको स्मरण गराए। 'सदनको रोस्टमबाट भनेको थिएँ तपाईंहरूलाई दुई तिहाइको घमण्ड छ, जनता तपाईंहरूसँग रुष्ट भइसक्या छ, तपाईंहरूले भ्रष्टाचारीहरूलाई बचाउँदै हुनुहुन्छ।'- प्रचण्डले भने।

आफू नेतृत्वको सरकारले जनताको हकका लागि र भ्रष्टाचारविरुद्ध लड्दा सरकारबाट हटाइएको दाबी गरे।

'हामीले भ्रष्टाचारकाविरुद्ध लडाइँ लड्दा, सामाजिक न्यायका पक्षमा लड्दै गर्दा, सबै समुदायको हक अधिकारको कुरा तपाईंहरूले हामीलाई सरकारबाट हटाउनु भएको छ, नेपाली जनताले नजिकबाट हेरिराखेको छ, तपाईंहरूलाई कुनै दिन जनताले यहाँबाट लखेट्नेछन् भनेको थिएँ, नभन्दै त्यही भयो।'-उनले भने।

एमाले अध्यक्ष केपी शर्मा ओलीले जेनजी आन्दोलनमा भएको विध्वंसको योजनाकार प्रचण्ड भएको भनी लगाएको आरोपको उनले प्रतिवाद गरे।

उनले भने-'मिस्टर केपी ओलीले आजभोलि प्रचण्डले नै हो यो सबै गराएको भन्ने गरेका छन्, त्यो उनीहरूको कुकर्मले गर्दा यस्तो भयो भन्ने चेतना अझै उनलाई आएको छैन, त्यो दम्भ अझै हटेको छैन।'



# सम्पादकीय

## बिजुली निर्यात सकारात्मक

नेपालसँग ४० मेगावाट बिजुली किन्दै आएको बंगलादेशले थप २० मेगावाट किन्ने सहमति गर्नु सकारात्मक छ । नेपालमा उत्पादित बिजुलीको बजार खोजी भइरहेका बेला बंगलादेश निर्यातको ढोका खुलेपछि हाम्रो लागि खुशीको विषय हो । नेपालका ऊर्जा सह-सचिव सन्दीपकुमार देव र बंगलादेशका विद्युत्, ऊर्जा तथा खनिज मन्त्रालयका अतिरिक्त सचिव केएम अली रेजाको सह-अध्यक्षतामा बसेको संयुक्त कार्यदल बैठकले गरेको सिफारिसलाई सचिवस्तरीय छलफलबाट सहमति गरिएको छ।

बंगलादेशलाई अहिले नेपालले ४० मेगावाट बिजुली बिक्री गरिरहेको छ। प्रतियुनिट ६.४० अमेरिकी सेन्टमा बिक्री भइरहेको बिजुली अहिलेको सम्झौता पनि सोही दरकै आधारमा थप २० मेगावाट बिजुली पनि बेच्ने सहमति भएको हो। थप २० मेगावाट बिजुलीका लागि नेपाल र बंगलादेशले आवश्यक प्रक्रिया पूरा गरी जुन १५ देखि खरिद-बिक्री हुनेछ। वर्षायाममा देशभित्र खपत भएर बच्ने बिजुलीलाई नेपालले भारत र बंगलादेशमा निर्यात गर्दै आएको छ। हिउँदयाममा आन्तरिक माग धान्न भारतबाट बिजुली किन्दै आएको छ। नेपाल विद्युत् प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट बोर्ड (बीपीडीबी) र एनटीपीसी विद्युत् व्यापार निगम लिमिटेड भारत (एनभीभीएन) बिच १७ असोज २०८१ मा त्रिपक्षीय सम्झौता भएको थियो। बंगलादेशलाई हरेक वर्ष १५ जुनदेखि १५ नोभेम्बरसम्म बिजुली निर्यात गर्ने सम्झौता छ। यो सम्झौताले वर्षायाममा नेपालमा उत्पादित बिजुली खेर जाने छैन। आगामी दिनमा अरु बिक्रीको पनि ढोका खुलेको छ। नेपाल र भारतबिचको पहिलो अन्तरदेशीय ढल्केबर-मुजफ्फरपुर ४०० केभी प्रसारण लाइन र भारत-बंगलादेशबिचको बेहरामपुर भारत-भेडामारा बंगलादेश ४०० केभी प्रसारण लाइनमार्फत् नेपालको बिजुली बंगलादेश पुग्छ।

चालु आर्थिक वर्षको साउनदेखि असोजसम्म १४ अर्ब १२ करोड रुपैयाँको बिजुली भारत र बंगलादेशमा निर्यात गरिएको प्राधिकरणले जनाएको छ। तीन महिनामा प्राधिकरणले १ अर्ब ८४ करोड युनिट विद्युत् निर्यात गरेको हो। प्राधिकरणका अनुसार हालसम्म करिब १ अर्ब ३४ करोड ४९ लाख रुपैयाँ बिहीबारको विनिमय दरअनुसारको बिजुली बंगलादेशलाई निर्यात भएको छ। बिजुली भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स)को 'डे अहेड' तथा 'रियल टाइम मार्केट' मा प्रतिस्पर्धी दरमा बिक्री हुँदै आएको छ। प्राधिकरणले मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन) लाई पनि बिजुली बेच्ने गरेको छ।

बिजुली भारत र बंगलादेशलाई मात्रै होइन्, नेपालले चीनलाई पनि बेच्ने ढोका खोल्नुपर्छ। नेपालले नेपाल-तिब्बत प्रसारण लाइन बनाउन सके तिब्बतमा बिजुली बेच्न सक्छ। चीनको लगानीमा निर्माण भएका आयोजनाको बिजुली भारतले नकिन्ने नीति बनाएकाले ती आयोजनाको बिजुली नेपालमै खपत गर्नुपर्नेछ, त्यसो हुन नसकेको अवस्थामा तिब्बत निर्यातको ढोका खोल्न ढिलाइ गर्न हुन्न। बंगलादेशमा अहिले भइरहेको निर्यातलाई बढाउन र यसको दिगोपनमा चनाखो भइ सहकार्य गर्न जति आवश्यक छ, भारतसँग उर्जा व्यापारमा सधैँ चनाखो भई अघि बढ्न सक्दा मात्रै नेपालले लाभ लिनसक्छ।

# राष्ट्रवादमा चुकेका अन्तरघातको फहरिस्त !



एच.के. श्रेष्ठ

*आफ्नो देशको समस्या हल गर्न खोज्न अर्काको देशका राजधानी वा राजनीतिक कम्पनीमा पुग्ने यी नेताहरू दिल्लीसँग लम्पसारवादको पुष्टि गर्दै भारतीय राजदूत वा कुनै नेता आउँदा लर्को लागेर तँछाड-मछाड गर्दै देवत्व प्रणाम दिएर ढोगभेट गर्ने नेताले राष्ट्रवादको कुरा गर्नु लाज होइन। दिल्ली पुग्नासाथ दास मानसिकताले राष्ट्रियता बिर्सेर दिल्ली प्रभुको भोज र मिठाइ खाएर फर्कने यिनीहरूले गरेको राष्ट्रवाद मौसमी, घामपानी, उग्र, छद्म राष्ट्रवाद र अपराध छोप्ने थोत्रो जालो मात्र हो। दिल्लीदेखि भारतीय आएर वानेश्वरमा गोली चलाएर फर्कदा टाङमुनि पुच्छर लुकाउनेबाट सीमा सुरक्षा कल्पना गर्न सकिन्छ ?*

राष्ट्रवाद तथा देशभक्तित्व बलीयो मनोवैज्ञानिक, उत्तेजनात्मक भित्री अनुभूतिको कुरा हो, जहाँ यसको कडी भेटिन्छ । तसर्थ राष्ट्रवाद, देशभक्ति, मातृत्व, स्वाभीमान, स्वतन्त्रता र सार्वभौमिकताको पिलर हाम्रो आत्मा, मन, हृदय र मस्तिष्कमा गढेको र गाढिएको हुनुपर्छ अनि सिमानाको पिलर नउखेलिने गरी गाड्न तयार भईन्छ । राष्ट्रवादको पहरेदार, रक्षा कवच तथा संरक्षकको अहम् महत्वको राजनीति हाम्रो देशमा इमान्दार देखिँदैन । "एउटा राष्ट्रभक्त आफ्नो मुलुक बचाउन हरदम तयार रहनुपर्दछ, बाहिरी शत्रुबाट होइन आफ्नै सरकारबाट ।" एडवार्ड एबेको यो भनाइ नेपालको इतिहासमा सर्लक्कै मिल्छ। राष्ट्रवादप्रति खतरा र अन्तरघात जनताबाट होइन्, इतिहासदेखि नै राजनीतिक रूपमा सत्ताधारी वा सरकार वा नेताहरूबाटै हुँदै आएको पुष्टि छ।

राष्ट्रवाद चुकाउने अन्तरघाती दुष्प्रयास भुरे-टाकुरे राजाहरुबाटै सुरु भएको थियो । पृथ्वीनारायण शाहले बाइसे-चौबीसे राज्य एकीकरण गरेपछि भागेर भारत पुगेका भुरे-टाकुरे राजाहरू बेलायती साम्राज्यको इष्ट इण्डिया कम्पनीको शरणमा पुगेर नेपालविरुद्ध हमला गर्न आफैँले अनुरोध गरे। मामाको काखमा बसेर आमाको खुराफात भनेझैं त्यहीबेलादेखि राष्ट्रवाद चुकाइँदै आएको छ। यो निरन्तरता राजा महेन्द्रको शासन अवधिदेखि आजसम्मका सत्तालोलुप नेताहरूमा गढेको छ । सत्तास्वार्थले जहिल्यै छिमेकी देश भारतसँग राष्ट्रवाद बन्दकी राख्ने गरिएको हुँदा भारत ढुक्क हुँदै आयो र नेपाली राष्ट्रियता, स्वाधीनता र स्वतन्त्रतामाथि धावा बोल्यो। राष्ट्रवादी परिचय बनाएका तत्कालीन राजा महेन्द्रले २०१९ साल (सन् १९६२) मा चीनसँगको युद्धपछि भारतले नेपाली भूमिमा खडा गरेको अठारवटा आर्मी क्याम्पमा सत्रवटा खेदेर एक क्याम्पले कालापानीमा तैनाथै रहनुले महेन्द्रको राष्ट्रवादमा चुकाइँ देखियो।

राजा महेन्द्र र नेपाली कांग्रेसको राजनीतिक/सत्ता छिनाझम्टी, कांग्रेसभित्रैको आन्तरिक छिनाझम्टी, पञ्चायतमार्फत् राजा वीरेन्द्र/ज्ञानेन्द्र र कांग्रेस/कम्युनिष्टको छिनाझम्टी, कम्युनिष्ट/कम्युनिष्टबिचको सत्ता छिनाझम्टी हुँदै अहिले नेकपामा ओलीलेनै व्यक्त गरिरहेको यी सबैमा भारतपरस्त घटना हुँदै आएको र भारतले खेल्ने स्थान र मौका प्रशस्त दिइएको हुँदा नेपाली राष्ट्रवाद चुकाउनु पऱ्यो र चुक्दै आइरहेकै छ । नेपाली कांग्रेसको राणाविरोधी क्रान्तिको आधारभूमि र पछिल्लो जनयुद्धको संरक्षित आधारभूमि भारतलाई बनाइनुले नेपाली राष्ट्रवादलाई भारतले खेल्ने अर्को जग बन्यो। २००७ सालको दिल्ली सम्झौतामाथि पुनः २०६२ सालको बाह्र बुँदे सम्झौता दिल्लीको रोहवरमा हुनु राष्ट्रवाद चुकाउने अर्को माध्यम बन्यो।

२००७ सालको क्रान्तिपश्चात्‌को कांग्रेस राजनीतिमा भारत भान्से हुनुले कांग्रेसभित्रै बीपी र मातृकाबिच सत्तामोही द्वन्द्व बढ्दा राष्ट्रियता मलिन हुनु परेको थियो। नेपाली कांग्रेसकै नेता भारतले निर्धारण गरिदिनेदेखि नेपालको राजनीतिक व्यवस्थाको निर्धारण र हालसम्म प्रधानमन्त्रीको दरखास्त भारतले स्वीकृत गर्ने संस्कारले राष्ट्रियता धरासयी हुँदै आएको स्पष्टै छ । अझ भन्ने हो भने राणाकालदेखि नै संविधान बनाउँदा नै राष्ट्रवाद चुक्दै आएको छ। राणा प्रधानमन्त्री पद्म शमशेरको पालामा २००४ सालमा घोषणा गरेको संविधानको मस्यौदाकार भारतीय श्रीप्रकाश गुप्ताको नेतृत्वमा रघुनाथ सिंह र डा. रामउग्रसिंहको प्रमण्डल नै थियो । २०१५ फागनु १ गते तत्कालीन राजा महेन्द्रले शाही घोषणाबाट जारी गरेको नयाँ संविधानको मस्यौदा भगवतीप्रसाद सिंहको संयोजकत्वमा बनेको भएता पनि बेलायती सर आइभर जेनिङको प्रमुख सल्लाह र विशेषज्ञतामा भएको थियो । २०४६ सालको जनआन्दोलन पछि बनेको नेपालको संविधानमा केही न केही प्रभाव भारतको मात्र होइन संविधान सभा चुनावमै गडबढी पैदा गराउने भारतले २०७२ सालको नयाँ संविधानमा प्रत्यक्ष प्रभावकै प्रयत्न गऱ्यो र संविधान घोषणा भएको संविधानको त आलोचना नै गऱ्यो।

त्यसो त राष्ट्रवादको जग खुकुलो पार्न सत्ता आरोहणको आपराधिक ध्येयले उत्तेजित कोतपर्व, भण्डारखाल पर्व, दरवार हत्याकाण्ड, मदन/आश्रित हत्या, गोत्रहत्या, पार्टी अन्तर्घातजस्ता आपराधिक घटना-परिघटनाले टेवा पुऱ्याउँदै आएको छ। छिमेकी देशहरू प्रायः सबैसँग झगडालु भारत आश्रित मनोविज्ञानले राष्ट्रवादमा आघात पुऱ्यायो । सत्ताको लागि पारिवारिक हत्यामा समेत तयार हुनाले भारतले फाइदा लियो । नेपाली शासक स्वावलम्बी, स्वाभिमानी, बोल्ड र मातृ राजनीतिमा अडिग नरहँदा सीमाहरू मिचिँदै गए । मुलुकलाई विदेशी हस्तक्षेप, नव उपनिवेश, पराधिनता तथा परनिर्भरताबाट मुक्त भाषणमा गर्ने, तर सत्ता कुम्ल्याउन भने यी सब तिलाञ्जली दिने । राजनीतिक समाधान आपसी मेलमिलापलबाट गर्न नसकेर भारतकै सहारा लिने समस्याले राष्ट्रियता ध्वस्त हुँदै गयो।

ग्रेटर नेपालबाट गुमेको भूमि तत्कालीन शासकहरूले फिर्ता लिन अङ्ग्रेज/बेलायती इष्ट इण्डिया कम्पनीले भारत छोडेर जाने बेला तीन पटकसम्म भनेका थिए, "हामी भारत छाड्दै छौं, तपाईं (नेपाल) ले आफ्नो भूमि दावी गर्नुस्" भन्दा फिर्ता गर्न नसक्ने नामर्द राणा शासक र कांग्रेसले राष्ट्रघात गरे। दार्जिलिङको डम्बरसिंह गुरुङ दार्जिलिङबाट आएर राणा र कांग्रेस दुबैलाई सुझाएका थिए। जमिन फिर्ता लिने बेला तत्कालीन राणाविरुद्ध लडेका कांग्रेसलाई र स्वयं राणालाई भूमि फिर्ता लिनभन्दा नेहरु र गान्धीको धम्कीले गर्दा लिएका सत्तामुखी नीतिले फिर्ता हुने भू-भागहरु गुम्यो। पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म, मेचिदेखि टिस्टा र महाकालीदेखि सतलजसम्मको विशाल नेपालप्रति राणा शासक र नेपाली कांग्रेस उदासिन भएको कारण भारतमै रहिरह्यो । जबकि सन् १९५० को नेपाल भारत शान्ति तथा मैत्री सन्धीको धारा ८ ले पनि बेलायती इष्ट इण्डिया कम्पनी र सुगौली सन्धीले कायम गरेको भू-भाग मान्ने भन्ने कतै उल्लेख नगरी नेपाल नै हो भन्ने पुष्टि गरेको ग्रेटर नेपाल थियो। एकातिर राणा गान्धीको धम्कीले सत्ता नै स्याहार्न लागिपरेको राणाविरुद्ध पनि दार्जिलिङको डम्बरसिंह गुरुङ अहिले राणाविरुद्ध होइन, जमिन फिर्ता लिनुस्, जमिन फिर्ता लिएपछि २५ हजार भूपू गोर्खालीले राणाहरूलाई एक दिनमै पल्टाइदिन्छौँ भन्दा पनि कांग्रेसले फिर्ता गर्न सकेन।

सन् १८१६ को सुगौली सन्धिपछि अर्ध औपनिवेशिक र दोस्रो विश्वयुद्धपछि नव-औपनिवेशिक बनेको नेपाललाई तत्कालीन शासकले मुक्त गर्न किन सकेनन् ? अघिल्लो सन्धिको सीमालाई मान्ने, तर पछिल्लो सन्धिले नै लेऊ भनेको जमिन फिर्ता लिन नसक्ने शासक पंगु हुन् । सुस्ता, महेशपुर, मानेभञ्ज्याङ, भजनी, लालबोझी, परासन, प्याराताल, मटिर्वालगायत ६१ हजारौं हेक्टर बढी जमिनको सीमा अतिक्रमण नेपाली शासकले आफ्नो बनाउन सकेन। तराईका कैयौँ सिमानामा पिलर भारतले सार्दा र दशगजा मिचिरहँदा नतमस्तक शासक खोक्रो राष्ट्रवादले निर्लज्ज सत्तामा आशीन भए। कति शासक र नेता फेरिए र आश्वासन दिए, तर खै पूर्व-पश्चिम सीमा क्षेत्रमा भारतीय सुरक्षा फोर्स र जनताबाट भएको दादागिरी, कुटपिट र लुटपाटमा नेपाली स्थायी पीडित हुनुको विकल्प छैन।

लिपुलेक, लिम्पीयाधुरा र कालापानी गहिरो राष्ट्रवादको पीडा बोकेर सिथिल छ। राष्ट्रवादको ध्वाँस देखाउने नेपाली कांग्रेसकै पुर्खा नेताहरू धेरैपटक चुके र कांग्रेसी राष्ट्रवादलाई लोप्पा खुवाइसके। २००९ सालमा लिपुभन्ज्याङमा तत्कालीन नेपाली कांग्रेसका प्रधानमन्त्री मातृकाले इण्डियन आर्मी टुकुडीलाई पास किन दिए ? २०१६ सालमा बीपीकै पालामा उत्तर प्रदेशको अर्को सैनिक टुकडी बस्यो । ती नेताहरूले किन हटाउन सकेन भारतीय सैनिक ? सगरमाथा क्षेत्रको विवाद सुल्झाउने बीपीले भारतसँगको नसक्नु कमजोरी भएन ? २००७ सालको कोशी सम्झौता गर्ने मातृका कि महेन्द्र राजा ? २०१५ सालमा गण्डकी सम्झौता गर्ने बीपी कि राजा महेन्द्र ? २०४८ सालमा महाकाली सम्झौता गर्ने गिरिजा कि राजा वीरेन्द्र ? २०४८ साल माघ २९ गते महाकाली सन्धीमा हस्ताक्षर गर्ने तत्कालीन कांग्रेस नेता प्र.म. शेरबहादुर होइनन् ? पछि सन् २०१७, सेप्टेम्बरमा एमसीसी सम्झौतालाई नेपालमा गेट पास दिने शेरबहादुर होइनन् ? कांग्रेस नेताहरूले राष्ट्रवाद कहाँ पुऱ्याए ?

अहिलेको मुख्य विवादमा महाकाली सन्धि नै जिम्मेवार छ। त्यसबेला खास महाकाली नदी तोकेर टुङ्गो गर्न नसक्नु, इण्डियनले झुक्याएर काली नदिबाट पूर्वको कुवाबाट आएको खोल्सालाई लादिएको सीमाको मान्यताको राष्ट्रघाती असरमा सम्झौता गर्ने कांग्रेस शेरबहादुर देउवा र मतियार एमाले नेता माधव नेपाल र केपी ओलीहरूले गरका होइनन् राष्ट्रघात ? अर्को राष्ट्रघाती मतियार राप्रपाको तत्कालीन परराष्ट्र मन्त्री र जलस्रोत मन्त्री पनि पनि होइनन् ? तत्कालीन राष्ट्रघाती यी सबै अहिले राष्ट्रवादी हुनसक्छन् ? सुगौली सन्धिले कालीनदी पूर्व नेपाल हो भनेको हाम्रा शासकले के बुझे।

२०७२ साल (सन् २०१५) मा भारतका प्रम नरेन्द्र मोदी चीन भ्रमण गई लिपुलेक हुँदै चीनको मानसरोवर जाने व्यापारिक बाटो खोल्ने सम्झौता चीनसँग हुँदा ओली शासकले नेपालको निर्णायक भूमिकाको स्थान लिन सकेन । यसरी विभिन्न बेला विभिन्न ढङ्गमा राष्ट्रघात गरेको तत्कालीन एमालेले अहिले जति राष्ट्रवादी काम गरे पनि त्यो राष्ट्रघातको हिसाब मिलान हुँदैन। चीनले लुसुक्क भारतसँग सम्झौता गर्दा चीनलाई समर्थनमा ल्याउन किन सकेन ? चीनले मौका बथानेर र भारतले हाकाहाकी संस्कृतिकै रूपमा नेपाली राष्ट्रवादमाथि धावा बोल्नु नेपाली शासकहरूकै उत्मसमर्पणवादी भारतपरस्त गतिविधि र व्यवहार होइन ? इतिहासदेखि २०६२/०६३ सम्मकै जनआन्दोलनको राजनीतिक परिवर्तनको अवाञ्छित केफायती भारतलाई पुऱ्याइदिने हाम्रै शासक हुन्।

आफ्नो देशको समस्या हल गर्न खोज्न अर्काको देशका राजधानी वा राजनीतिक कम्पनीमा पुग्ने यी नेताहरू दिल्लीसँग लम्पसारवादको पुष्टि गर्दै भारतीय राजदूत वा कुनै नेता आउँदा लर्को लागेर तँछाड-मछाड गर्दै देवत्व प्रणाम दिएर ढोगभेट गर्ने नेताले राष्ट्रवादको कुरा गर्नु लाज होइन। दिल्ली पुग्नासाथ दास मानसिकताले राष्ट्रियता बिर्सेर दिल्ली प्रभुको भोज र मिठाइ खाएर फर्कने यिनीहरूले गरेको राष्ट्रवाद मौसमी, घामपानी, उग्र, छद्म राष्ट्रवाद र अपराध छोप्ने थोत्रो जालो मात्र हो। दिल्लीदेखि भारतीय आएर वानेश्वरमा गोली चलाएर फर्कदा टाङमुनि पुच्छर लुकाउनेबाट सीमा सुरक्षा कल्पना गर्न सकिन्छ ?

रोटी र बेटीको सम्बन्ध भन्नु नै राष्ट्रघात हो । सुगौली सन्धिपछि गोरखा भर्ती केन्द्र स्वीकार्दै विदेशमा नेपाली बेचिरहेकाले राष्ट्रवाद चुकेन ? हालै प्रम केपीले आफूलाई सत्ताबाट हटाउन भारत लागेको र आफ्नै दलका नेताहरुलाई गोटी बनाइएको भन्दै दिएको अभिव्यक्तिले नेपाली राष्ट्रवाद धरापित रहेछ भन्ने तातोतातो पुष्टी होइन र। यी सबै पार्टीका सत्तामा रहे र ती सबैका नेताहरू प्रधानमन्त्री हुँदा आजसम्म परिणाममुखी राष्ट्रवाद खै ? किन सीमा विवादको निर्णायक टुङ्गोमा जान सकेनन् ? सबैको प्रधानमन्त्रीत्वकालमा ठोस काम किन हुन सकेन ? राष्ट्रियताको व्यथा साह्रै नै च्याप्दा एउटा वक्तव्य फाल्ने अनि अरू बेला रारन्नै बस्ने कस्तो राष्ट्रवाद ? देश दुनियाँको आँखामा क्षारो हाल्न आ-आफ्ना सांगठनिक बचराहरुलाई बेला बेला राजधानीमा उत्तेजित नाराकासाथ उफार्ने र सिमानामा आक्रोसित देखाउन खटाउने नौटंकी अन्तरघाती छन्, राष्ट्रवाद ! सत्ता खानको लागि आफ्नो स्वाभिमान, नैतिकता, इमान्दारिता र नागरिकपन चुकाएर राष्ट्रवाद चुकाउने र झुकाउने पराधिन नेपाली शासकहरूले नै यो देश, राष्ट्र र राष्ट्रियता कमजोर बनाएका हुन् भन्नेमा भ्रम छैन । हालको जेनजी प्रोटेष्ट उपजको सुशीला सरकारमा डिप स्टेट्को प्रभाव या भूमिका हो भने राष्ट्रवादप्रतिको अर्को आघात हो।

# मुटुमा तार पुऱ्याउने मूर्ख डाक्टर

डा शम्भु खनाल

एक जना ६७ वर्षीय बाजे हिँड्ने बेला छाती दुख्ने र असहज हुने भन्दै ओपीडी कक्षमा आउँछन्। उनी टुसुक्क कुर्सीमा बस्छन्। जीवितै हुँदा आफ्नो लागि अस्पताल पाइला टेकको यो पहिलो पटक हो भनी सुनाउँछन्। केही जाँचहरू गरेपछि मुटुको नसाहरू हेर्नुपर्ने व्यहोरा बुझाउँछु। कोरोनरी एन्जिओग्राफीको प्रक्रिया विस्तारमा बताउँछु।

उनी ध्यान दिएर सुन्छन् र अचानक सपाट भन्छन्- 'पहिले को त्यस्तो वीर डाक्टर जन्मेको रहेछ, मुटुमै तार पुऱ्याइदिने ?'

म एक क्षण सोंच्न थाल्छु। मलाई इतिहासको गर्भमा पुग्न मन लाग्छ।

सन् १९२९ तिरको कुरा हो । जर्मनीमा हिटलरको उदय सुरु हुँदै थियो। चरम बेरोजगारी र सामाजिक अस्थिरताले इतिहासकै एक खलपात्र जन्माइरहेको समय थियो । हिटलरको नरसंहार घृणा र असहिष्णुताबाट जन्मिएको एउटा दुषित परिणाम थियो।

तर सोही समय, बर्लिन नजिकैको एक अस्पतालको करिडोरमा एक जना चिकित्सक मनुष्यको मुटुबारे सोंचमग्न हुँदै हिंडिरहेका थिए । उनी आइन्स्टाइनजति चर्चित त होइनन्, तर मुटुजस्तो निरन्तर चलायमान अंगमा अनुसन्धान गर्ने हिम्मत बटुलेका एक साहसी व्यक्ति अवश्य हुन्।

उनी विश्वास राख्थे, यदि औषधि क्याथेटरमार्फत् सिधैँ मुटुभित्र पुऱ्याउन सकियो भने उपचार अझ प्रभावकारी हुन सक्छ । आजको वैज्ञानिक परिप्रेक्ष्यबाट त्यो समयको अवस्था कल्पना गर्दा अचम्म लाग्छ-मुटुलाई छुन खोज्दा नै रोकिएर बस्ने युग थियो त्यो।

त्यहीबेला बर्लिनमा सर्जरी विभागमा कार्यरत एक २५ वर्षीय मेडिकल डाक्टर थिए- वर्नर फ्रसम्यान।





उनलाई हातका नसाबाट क्याथेटर छिराएर मुटुको दाहिने भागसम्म पुग्न सकिन्छ भन्ने 'मूर्ख' विचारले पछ्याइरहन्थ्यो । क्याथेटरप्रतिको मोह यति गहिरो थियो कि उनी धेरैजसो समय प्रयोग र अभ्यासमै बिताउँथे।

सिनियरहरूले यो कुरामा हाँसो उडाउँथे। विभाग प्रमुखले समेत यस्तो 'मूर्खता' त्याग्न चेतावनी दिएका थिए। तर फ्रसम्यान अडिग रहे। उनले गोप्य रूपमा आफ्नो प्रयास जारी राखे।

तर साथ दिन कोही थिएन। अन्ततः उनले एक नर्सलाई आफ्नो योजना सुनाए र सम्झाए। सुरुमा नर्सले यस्तो जोखिमपूर्ण काम अस्वीकारिन्, तर फ्रसम्यानले खतरा हुँदैन भनेर आश्वस्त पार्दा उनी राजी भइन्। शर्त भनेको, अनुसन्धान नर्समाथि गर्नुपर्ने।

तर नर्स सुत्ने बित्तिकै फ्रसम्यानले उनलाई टेबलमा बाँधिदिए। र आफ्नै बायाँ हातको कुहिना अगाडिको नसाबाट ६५ सेन्टिमिटर लामो, पिसाब नलीमा प्रयोग हुने क्याथेटर छिराउन थाले। लगभग तीस सेन्टिमिटर पुगेपछि नर्सलाई खोलेर एक्स-रे कक्षतिर दौडिए।

एक्स-रेमार्फत् क्याथेटर कुम नजिक पुगेको देखेपछि उनले तस्विर हेर्दै क्याथेटरलाई मुटुसम्म पुऱ्याए। इतिहासमै पहिलो पटक मान्छेको मुटुसम्म क्याथेटर पुऱ्याउने दुस्साहसमा उनी सफल भए। उनीहरूले यो अनुसन्धान जर्नलमा प्रकाशित पनि गरे, तर प्रतिक्रिया भने आलोचनामात्र आयो।

उनको काम कसैलाई पचेन । विभागबाट निकालिए । धेरै वर्षसम्म जागिरकै लागि हण्डर खानुपऱ्यो। कहिले सर्जरी, कहिले युरोलोजी विभाग- कुनै पनि ठाउँमा उनलाई स्वतन्त्र रूपमा काम गर्न सहज वातावरण दिइएन। सायद, नवीन प्रयोग गर्नेहरू प्रायः जीवनमै हण्डर खान बाध्य हुन्छन्।

उनको १९२९ को लेख १२ वर्षपछि दुई जना पल्मोनोलोजिस्ट (Cournand / Dickinson Richards) ले पढे। उनीहरूलाई प्रयोग अघि बढाउने उत्साह जाग्यो र अन्ततः सफल भए।

उनीहरूले मुटुको कोठाहरूको प्रेसर मापन गरे, र १९५६ मा फ्रसम्यानसहित ती तीनै जनालाई नोबेल पुरस्कार प्रदान गरियो। ढिलो भए पनि फ्रसम्यानको दुस्साहसले सम्मान पायो । र कार्डिओलोजीको भविष्य बदल्ने ढोका खोलिदियो । आत्म-अनुभवमै आधारित त्यो साहसिक प्रयोगले आधुनिक हृदय-चिकित्साको आयाम नै बदलिदियो । घतलाग्दो कुरा त के भने, मुटुसम्म तार पुऱ्याउने प्रविधिको मूल बिउ राख्ने व्यक्ति २५ वर्षका एक युवा सर्जन थिए।

उही
इतिहास खोतल्ने दुस्साहस।
स्वास्थ्य खबरबाट

# तीन वर्षमा तीन पटक म्याद थप : स्वास्थ्य चौकी भवन अधुरै



गलकोट (बागलुङ) । एक वर्षभित्र सक्नेगरी निर्माण थालिएको नारायणस्थान स्वास्थ्य चौकीको भवन तीन वर्ष बित्दासमेत सम्पन्न हुन सकेको छैन ।

साँघुरो भवनबाट सेवा प्रवाह गर्दै आएको बागलुङ नगरपालिका-१४ स्थित नारायणस्थान स्वास्थ्य चौकीको भवन कहिले सम्पन्न हुन्छ भन्ने अझै टुङ्गो लाग्न सकेको छैन । निर्माण व्यवसायीको लापरवाही र ढिलासुस्तकीका कारण तीन वर्ष बित्दासमेत भवन निर्माण अधुरै छ । अहिले उक्त भवन ढलान र पर्खालको काम मात्रै सकिएको छ ।

सङ्घीय सरकारको विशेष अनुदानमा निर्माण थालिएको भवन अझै सम्पन्न नभएको बागलुङ नगरपालिकाले जनाएको

छ । विसं २०७९ माघ ६ गते एक वर्षमा सक्ने गरी निर्माण थालेको भवन अझै सम्पन्न हुन नसकेको बागलुङ नगरपालिकाका इन्जिनियर सोबिन घर्तीले जानकारी दिए । उनका अनुसार दुई पटक थपेको म्यादसमेत अहिले सकिएकाले भवन निर्माणमा अझै अन्योलता छाएको छ ।

"एक वर्षमा सकिने भवन तीन वर्षमा सकिएको छैन, दुई पटकसम्म थपेको म्यादसमेत कात्तिक मसान्तमा सकिएको छ, भवनमा प्लाष्टरको काम अझै सकिएको छैन, तिहार यता कामदार भवनमा देखिएका छैनन्" घर्तीले भने- "भवन समयमा नबन्दा ठेक्का तोड्ने वा म्याद थप्ने विषयमा छलफल भइरहेको छ, नगरपालिकाले निर्माण व्यवसायीलाई धरौटी जफत गरेर भएपनि सम्पन्न गर्ने योजनामा छ ।"

भवन निर्माणका लागि दोस्रो पटक थप गरिएको म्यादसमेत कात्तिक मसान्तमा सकिएको छ । निर्माण व्यवसायी डिएनप्रसाद जेभीसँग रु एक करोड ८२ लाखमा ठेक्का सम्झौता भएको थियो । निर्माण व्यवसायीले थोरै कामदार परिचालन गर्ने, सम्पर्क बिहिन हुनेलगायतका कारण भवन समयमै बन्न नसकेको हो । नगरपालिकाकै नमूना स्वास्थ्य चौकीको रुपमा रहेको नारायणस्थान स्वास्थ्य चौकी अहिले साँघुरो भवनबाट सेवा प्रभाह भइरहेको स्वास्थ्य चौकीका प्रमुख ऋषिराम शर्माले जानकारी दिए । भवन सम्पन्न भए गुणस्तरीय सेवा प्रभाह गर्न सहज हुने उनको भनाइ छ ।

जनताले चन्दा उठाएर रु २१ लाख सङ्कलन गरी स्वास्थ्य चौकीको नाममा जग्गा खरिद गरेर भवन निर्माणका लागि काम थालेपनि समयमा भवन नबन्दा सेवा प्रवाहमा समस्या भएको शर्माले बताए ।

# ग्रामीण स्वावलम्बन सहकारीको वार्षिक साधारणसभा




स्याङ्जा । स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१, अर्जुनचौपारी बजारमा २०५९ सालदेखि सञ्चालनमा आएको ग्रामीण स्वावलम्बन साना किसान कृषि सहकारी संस्थाको २३औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सहकारीको साधारणसभा अर्जुनचौपारी खेलमैदानमा सम्पन्न भएको हो ।

साधारण सभालाई सम्बोधन गर्दै साना किसान विकास बैंकका संचालक सुखदेब न्यौपानले पछिल्लो समय सहकारी क्षेत्र बदनाम हुँदै गएको समयमा ग्रामीण स्वावलम्बन सहकारीले अर्जुनचौपारीका स्थानीय शेयर सदस्यलाई गरेको सेवा प्रसंशा योग्य रहेको बताए ।

साना किसान कृषि सहकारीले पशुपालन, कृषि उत्पादन र निर्जीवन बिमाका क्षेत्रमा कृषकसँग सहकार्य गर्दै आएको सञ्चालक न्यौपानेले सुनाए । सहकारीले शेयर सदस्यको आर्थिक वृद्धिलाई ध्यानमा राख्दै जोखिम बहनलाई प्राथमिकता दिएर अगाडी बढेको उनले जनाए ।

सहकारीको वार्षिक साधारणसभामा बोल्दै सहकारीका संस्थापक अध्यक्ष तथा अर्जुनचौपारी गाउँपालिकाका पूर्व अध्यक्ष दीर्घनारायण अर्याल, गाउँपालिकाका पूर्व उपाध्यक्ष चिनमाया गुरुङ, साना किसान विकास बैंक पोखराका प्रबन्धक पदमराज रेग्मीले सानो सानो बचतबाट आर्थिक उन्नतिमा लाग्न सकिने भएकाले बचत गर्ने बानीको विकास गर्न आग्रह गरे ।

साधारणसभामा अर्जुनचौपारीको पञ्चकन्य माध्यमिक विद्यालयका प्रधानाध्यापक विष्णुप्रसाद तिवारी, नेपाल पत्रकार महासंघ स्याङ्जाका पूर्व अध्यक्ष प्रकाश डोटेल, सहकारी शेयर सदस्य तथा समाजसेवी यामबहादुर गुरुङ र सहकारीका पशु बिमा उप-समितिका संयोजक दुर्गाबहादुर गुरुङले सहकारीका सदस्यहरुलाई उत्पादनमा केन्द्रित हुँदै आर्थिक विकासमा लाग्न जोड दिए ।

दुई करोड शेयर पुँजी रहेको बाह्य ऋण १५ करोड र १५ करोड निक्षेप सकंलन गरेको सहकारीले २५ करोड कर्जा लगानी गरेको छ । सहकारीले गएको आर्थिक वर्ष २०८१/०८२ मा झण्डै ८० लाख मुनाफा आर्जन गर्न सफल भएको सार्वजनिक प्रतिवेदनमा उल्लेख गरिएको छ । त्यस अवसरमा सहकारीका केन्द्रहरुमध्ये उत्कृष्ट केन्द्रलाई सम्मान गरिएको थियो ।

अर्जुनचौपारी गाउँपालिका कार्यक्षेत्र रहेको सहकारीमा झण्डै दुई हजार पाँचसय शेयर सदस्य रहेका छन् । आर्थिक वर्ष २०७४/०७५ बाट पशु बिमा कार्यक्रम सञ्चालन गरेको सहकारीले गएको वर्षसम्म एक करोड ५१ लाखको बिमा कोष बनाउन सफल भएको छ । १३ हजार पशुको बिमा गराएको सहकारीले ५१० पशुको क्षति भएबापत पशुधनीलाई झण्डै २४ लाख रुपैयाँ भुक्तानी गरेको सहकारीका प्रबन्धक शालिग्राम काफ्लेले जानकारी दिए ।

सहकारीले महिला शेयर सदस्यलाई बढीमा २ सन्तान जन्माउँदा प्रतिबच्चा दुई हजार सुत्केरी स्याहार खर्च उपलब्ध गराउँदै आएको छ । सहकारीले मौसमी बेमौसमी तरकारी, कफी, सुन्तला, पशुपालक कृषक शेयर सदस्यको उत्पादनलाई बजारीकरण गर्दै आएको छ । सहकारीले २० भन्दा बढी बाख्रापालन गर्ने कृषकलाई ५ हजार नगद अनुदान दिँदै आएको सहकारीले जनाएको छ ।

सहकारीका अध्यक्ष बोधनारायण रेग्मीको अध्यक्षतामा भएको २३औं वार्षिक साधारणसभा कार्यक्रमको सञ्चालन सहकारीका प्रबन्धक शालिग्राम काफ्लेले गरेका थिए भने सहकारीका उपाध्यक्ष प्रेमबहादुर थापाले स्वागत मन्तव्य व्यक्त गरेका थिए । त्यस अवसरमा सहकारीका झण्डै एक हजार पाँच सय शेयर सदस्यको सहभागिता रहेको थियो ।

# बजार अनुमगनलाई तीव्र पार्दै विभाग

काठमाडौँ । चाडबाडको समयमा मात्रै बजार अनुगमन गरेको र अन्य समयमा भने चुपचाप बस्ने गरेको भनेर वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागप्रति गुनासो हुने गरेको थियो । तर, विभागका पछिल्ला गतिविधि र बजार अनुगमनलाई आयोजकले तीव्र पारेको छ ।




विभागले शुक्रबार मात्रै काठमाडौंका विभिन्न आठ उद्योग तथा फर्मको अनुमगन गरेको थियो । त्यसक्रममा क्रिष्टल स्टोर तारकेश्वर गोलढुङ्गालाई रु दुई लाख पाँच हजार जरिवाना गरेको छ । विभागले अनुगमनको क्रममा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६ र दफा ३८ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ को १ बमोजिम कारबाही गरेको हो । त्यसमा वस्तु तथा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य नापतौल, ढाँचा वा बिक्री वा प्रदान गर्ने कार्यलाई अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिने उल्लेख छ ।

ऐनको दफा ३९ मा 'बजार अनुमगन, निरीक्षण, जाँचबुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट वस्तुको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता वा सेवा प्रदायकले देहायको कुनै कसुर गरेको देखिएमा निजलाई निरीक्षण अधिकृतले जरिवाना गर्न सक्नेछन् । ऐन अनुसार अनुचित व्यपारिक क्रियाकलाप गरेको पाइएको खण्डमा निरीक्षण अधिकृतले अधिकतम रु दुई लाखदेखि रु तीन लाखसम्म जरिवाना गर्न सक्नेछन् ।

काठमाडौँ महानगरपालिका ३१ नयाँ बानेश्वरमा अवस्थित घुम्ने किचेनलाई रु २० हजार जरिवाना गरेको छ । सिनामङ्गलको ग्रिन बड्स बेकरी क्याफेलाई रु पाँच हजार जरिवाना गरेको छ । ललितपुरको सुमेरु अस्पताल परिसरमा रहेको क्यान्टिनलाई व्यवसायसँग सम्बन्धित कागजात लिई तीन दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिएको छ । अन्य तीन फर्मलाई भने सामान्य निर्देशन दिइएको छ ।

**एनपीएलः**

ओपनर माज सदाकत १२ रन बनाउँदा दीपेन्द्रसिंह ऐरीको बलमा बोल्ड आउट भए ।

आशिफ शेख डकआउट हुन पुगे । शुभ कंसाकार शून्यमै पेभेलियन फर्के । आदित्य महता १५ रन थप्दै आउट भए । कप्तान वायन पार्नेल १४ रनमा क्याच आउट भए । रुपेश सिंह एक रनमा नटआउट रहे । सुदूरपश्चिमका लागि अविनास बोहराले चार विकेट झारे । स्कट कुगेलाइनले तीन विकेट लिए । दीपेन्द्रसिंह ऐरीले एक विकेट आफ्नो नाममा गरे । यो खेलमा सुदूरपश्चिमका इशान पाण्डे प्लेयर अफ द म्याच भए । उनले ३५ बलमा ५६ रन बनाएका थिए ।

यसैगरी शनिबार भएको पहिलो खेलमा पोखरा एभेन्जर्सलाई तीन विकेटले पराजित गर्दै लुम्बिनीले प्लेअफ सम्भावना जिवित राखेको छ ।

एनपीएलमा आइतबार एक खेल मात्र हुनेछ । आइतबार अपराह्न साढे ३ बजे कर्णाली याक्स र काठमाडौं गोर्खाज भिड्नेछन् ।

## सैनामैना नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**सैनामैना नगरपालिका वडा नं. ९ र ११ को विभिन्न क्षेत्रबाट माटोको उत्खनन्, संकलन तथा व्यवस्थापन कार्यको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मितिः २०८२/०९/१४)

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सैनामैना नगरपालिकाद्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः सैनामैना नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ठेगानाः बुद्धनगर, रुपन्देही, लुम्बिनी प्रदेश ईमेलः sainamainamunicipality@gmail.com फोन नं. ०७१-४४०५५३ |
| प्रस्तावको व्यहोरा | सैनामैना नगरपालिका स्थित निम्न क्षेत्रबाट माटोको उत्खनन्, संकलन तथा व्यवस्थापन कार्य सैनामैना नगरपालिका वडा नं. ९ र ११ स्थित निम्न क्षेत्रहरु-(८३.२८६१८२E,२७.६९५०२६N; ८३.२८१४५१ E,२७.६९५५८१N; ८३.२७९६०६ E, २७.६९५९०३N; ८३.२७९८५७E,२७.६९८४२८ N; ८३.२७८८९८E,२७.६९१९७६N; ८३.२७६८४४E,२७.६८४६८०N; ८३.२७७२१७E,२७.६८६५३६N; ८३.२७३००२E,२७.७००७१२N; ८३.२७२५१६E, २७.७००६९१N) |
| प्रभाव पर्न सक्ने क्षेत्र | रुपन्देही जिल्ला, सैनामैना नगरपालिका वडा नं. ९ र ११ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न सैनामैना नगरपालिका ९ र ११ नं वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः सैनामैना नगरपालिका, ठेगानाः बुद्धनगर, रुपन्देही, लुम्बिनी प्रदेश ईमेलः sainamainamunicipality@gmail.com, फोन नं. ०७१-४४०५५३ |
| परामर्शदाताको नाम र ठेगाना | नामः ग्रीन टाईम कन्सल्ट प्रा. लि. ठेगानाःबुटवल-११. रुपन्देही ईमेलः consultgreentime@gmail.com, फोन नं. ९८५७०५६६२२ |

## Mathagadhi Rural Municipality
## Office of the Rural Municipal Executive
Jhadewa, Palpa

**INVITATION FOR BIDS**

Notice No:- 03-2082-083, First Date of Publication:- 2025-11-30 AD

1.Mathagadhi Rural Municipality, Office of the Rural Municipal Executive invitesonly electronic bids foreligible bidders for Construction/Supply of following Works/Goods under NCB/SQ bidding Procedures.

| Contract Identification No. | Description of Work | Estimated Amount (with VAT & PS) | Bid Security Amount | Fee for Bidding Document |
|---|---|---|---|---|
| MRM/RD/NCB/WORKS/2082-83-13 | Road Upgrading Work [Kerauli-Bahadurpur Road, Mathagadhi-04 (Jhadewa), Mathagadhi-08 (Bahadurpur), Palpa] | 5,848,544.33 | 150,000.00 | 3000 |
| MRM/RD/SQ/WORKS/2082-83/14 | Road Upgrading Work [Devagir-Devinagar and Chitrechhap Road, Mathagadhi-04 Jhadewa, Palpa] | 1,405,648.09 | 35,000.00 | 1000 |
| MRM/BR/SQ/WORKS/2082-83/15 | Construction of Kudharkhola Culvert, Mathagadhi-04, Jhadewa, Palpa | 1,006,670.26 | 25,000.00 | 1000 |
| MRM/SQ/GOODS /2082-83/16 | Supply and Delivery of Sanitary pad at Mathagadhi Rural Municipality, Mathagadhi-04, Palpa | 1,094,173.35 | 25,000.00 | 1000 |
| **3rd Date of Publication:- 2025-11-30 AD** | | | | |
| MRM/RD/SQ/WORKS/2082-83/09 | Road Upgrading work (Amarai Sathipaila-Swastya Chauki hudai wada karyalaya road, Mathagadhi-02, Rupse, Palpa) | 1,005,224.83 | 25,000.00 | 1000 |

2. Bidder may download the bidding documents and submit their bids electronically through www.bolpatra.gov.np/egp as specified in the Bid document.
3. After completion of bid evaluation letter of intent will be published on office website (www.mathagadhimun.gov.np)

**Chief Administrative Officer**


**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**धान सफा गर्दै किसानः**
पोखरा महानगरपालिका-१९ पुरनचौरस्थित चुरुङ्गामा धान नाङ्लोमा राखेर भुस बत्ताउँदै स्थानीय किसान। यो ठाउँमा विशेष गरेर पहेले र झिनुवा धानको उत्पादन गरिन्छ। तस्विर ः राधिका कँडेल / रासस

# न्यू होराइजन क्वीजको उपाधि जनता माविलाई



बुटवल। न्यू होराइजन अंग्रेजी आवासीय माध्यमिक विद्यालय बुटवलले आयोजना गरेको ३२औं संस्करणको प्रदेशस्तरीय हाजिरीजवाफ प्रतियोगिताको उपाधि जनता मावि तानसेन पाल्पाले जितेको छ।

बुटवल, पाल्पा र दाङ केन्द्रमा भएको पहिलो चरणको छनोटमा एक सय ५० बढी विद्यालय सहभागी भएको प्रतियोगिताको फाइनलमा ६ विद्यालयले प्रतिस्पर्धा गरेका थिए। जसमा सैनामैना नगरपालिकाको सुनगाभा बोर्डिङ्ग स्कूल दोस्रो र नवज्योति नवज्योति जनता मावि बबई दाङ तेस्रो भएका छन्।

यस्तै बुटवलको अक्सफोर्ड मावि चौथो, मेचीकाली आवासीय मावि घोराही पाँचौं र रेन्बो बार्डिङ गुल्मी छैठौं भएका छन्। फाइनलमा प्रथम हुनेले ४० हजार, दोस्रोले २५ हजार र तेस्रोले २० हजारसहित शिल्ड, ट्रफि र प्रमाणपत्र पाएका छन्। यस्तै चौथो, पाँचौ र छैठौं स्थान हासिल गरेका विद्यालयले पनि जनही ३ हजारका दरले नगद पुरस्कार पाएका छन्। विद्यार्थीहरुमा अन्तरनिहित बौद्धिक प्रतिभा प्रस्फुटन र विद्यालयहरुबीच आपसी सम्बन्ध प्रगाढ बनाउने उद्देश्यले न्यू होराइजन माविले २०५० सालदेखि क्वीज प्रतियोगिता गर्दै आएको छ।

उपाधि विजेता विद्यालयलाई विद्यालयका अध्यक्ष ज्ञानेन्द्र कसजू, प्राचार्य लोकनाथ उपाध्याय, उपप्राचार्यहरु बालकृष्ण भण्डारी,बासुदेव अर्याल, राजीव श्रेष्ठ, क्वीज संयोजक मनोज सिलवाल ,व्यवस्थापन संकाय संयोजक प्रकाश खनाललगायतले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका छन्।

फाइनल प्रतियोगिताको उद्घाटन गर्दै शिक्षा विकास समन्वय इकाई रुपन्देहीका प्रमुख विष्णु पन्थीले काठमाडौंपछिको दोस्रो शैक्षिक हवका रुपमा बुटवल रहेको र यसमा न्यू होराइजन उत्कृष्ट विद्यालय रहेको चर्चा गरे।

विद्यालयका अध्यक्ष ज्ञानेन्द्र कसजूले जिल्लास्तरबाट सुरु भएको हाजिरीजवाफ प्रतियोगिताले प्रदेशस्तरमा सुरुवात भएको बताउँदै आगामी दिनमा राष्ट्रिय स्तरमा लैजाने बताए। उनले बुटवललाई शैक्षिक हव बनाउन न्यू होराइजनले महत्वपूर्ण योगदान गरेको बताए।

विद्यालयका प्राचार्य लोकनाथ उपाध्यायले न्यू होराइजनमा अध्ययन गर्ने विद्यार्थीले एसएलसी बोर्डफस्टदेखि लिएर एसईईमा जीपीए फोरसहित उत्कृष्ट नतिजा ल्याउँदै यस क्षेत्रको गरिमा बढाएको बताए। उनले क्वीजसंगै लोक संस्कृतिको संरक्षण तथा प्रवर्धन गर्न विद्यालयले लोकदोहोरी गीत प्रतियोगिता पनि आयोजना गर्दै आएको जनाए।

कार्यक्रममा न्यू होराइजन जीबीएसका प्राचार्य गोपाल प्रसाद आचार्य, जनता माध्यमिक विद्यालय पाल्पाका प्राचार्य निर्मल सोमै, शिक्षक कल्पना कसुमलगायतले आफ्ना भनाइ राखेका थिए। विद्यालयले पहिलो चरणको हिट राउण्डमा प्रथम, दोस्रो, तेस्रो र सान्त्वना हुने विद्यालयलाई समेत नगदसहित पुरस्कृत गरेको अतिरिक्त क्रियाकलाप प्रमुख बालकृष्ण बस्यालले जानकारी दिए।

# प्रदेशस्तरीय बुद्धिचालमा एभरेष्ट स्कुल प्रथम



बुटवल। लुम्बिनी बौद्ध विश्वविद्यालय बौद्ध अध्ययन संकायले आयोजना गरेको लुम्बिनी प्रदेशस्तरीय बुद्धिचाल (चेस) प्रतियोगितामा एभरेष्ट इङ्गलिस बोर्डिङ्ग स्कूल, बुटवल प्रथम भएको छ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको २१औं वार्षिकोत्सवको उपलक्ष्यमा शनिबार लुम्बिनीमा भएको विद्यालय तथा कलेजस्तरीय प्रतियोगितामा एभरेष्ट स्कूलका विद्यार्थी साइरस बज्राचार्य प्रथम भएका हुन्। प्रतियोगितामा काशी नोबेल एकेडेमि भैरहवाका रिशान थापा मगर द्वितीय र शान्ति नमूना माध्यमिक विद्यालय मणिग्रामका सुशान्त अर्याल तृतीय भएका छन् भने काशी नोबेल एकेडेमिका रोनिश केसी चौथो भएका छन्।

प्रतियोगिताको शुभारम्भ गर्दै लुम्बिनी बौद्ध विश्वविद्यालय बौद्ध अध्ययन संकायका डिन डा.माणिकरत्न शाक्यले विद्यार्थीहरुको बौद्धिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए। उनले समालोचनात्मक र विश्लेषणात्मक क्षमता वृद्धि हुने भएकाले विद्यार्थीका लागि बुद्धिचाल खेल आवश्यक भएको बताए।

प्रतियोगिताका विजेताहरुलाई आइतबार लुम्बिनी बौद्ध विश्वविद्यालयको २१औं वार्षिकोत्सव समारोहमा पुरस्कार प्रदान गरिने कार्यक्रम रहेको प्रतियोगिताका संयोजक सञ्जय शाक्यले जानकारी दिए।

प्रतियोगितामा लुम्बिनी प्रदेशका विभिन्न ३५ विद्यालयले सहभागिता जनाएका थिए।

# परामपरागत नेवारी कला संस्कृति जोगाउन तानसेनमा योमरी महोत्सव



**कृष्ण पोखरेल**
*पाल्पा*

लोपन्मुख अवस्थामा पुगेको नेवारी कला संस्कृति जोगाउन यमरी पुन्हीको अवसरमा तानसेनको टक्सारमा यमरी महोत्सव तथा फुड फेष्टिवल गरिएको छ। पछिल्लो समय स्थानीय परिकार, भेषभुषा कला संस्कृति परम्परा संस्कार हराउँदै गएको अवस्थामा पचिहान जोगाउन तानसेन नगरपालिका ३ नं. वडा कार्यालयको सहयोगमा मैत्री क्लब टक्सारले यमरी महोत्सव गरेको हो।

नेवारी भाषामा य भनेको मनपर्ने मरी भनेको रोटी, नेवारीमा सबैभन्दा मनपर्ने रोटीको रुपमा योमरीलाई लिने गरिन्छ। खासगरी नेवारी समुदायमा नयाँ धान भित्राएपछि घरमा भकारी वा धन्सार बनाएर राख्ने गरिन्छ। नेवारी समुदायमा मंसिर पूर्णिमाको दिन नयाँ धानको रोटी ( य मरी) बनाएर परिवार, आफन्त, इष्टमित्रलाई बाँड्ने भगवानप्रति समर्पित गरी आफू पनि खाने अरुलाई पनि खुवाउने परम्परा रहेको क्लबकी अध्यक्ष पञ्च शाक्यले बताइन्।

नेवारी समुदायका बुढापाकाले चलन चल्ती संस्कार, विधि परम्पराहरुलाई जोगाउन खोजे पनि युवा पुस्तामा परम्परागत कला संस्कृति रहन सहन भेषभुषा हस्तान्तरण गर्न, एक पुस्ताबाट अर्को पुस्तामा सिक्न र सिकाउन पनि तानसेनको टक्सारमा योमरी महोत्सव गरिएको कार्यक्रमका प्रचार संयोजक रिलनमान महर्जनले बताए।

नेवारी कला संस्कृति बचाउन, बुढापाकाबाट कला संस्कृति परम्परा युवा पुस्तामा हस्तान्तरण गर्न, परम्परागतकला संस्कृतिबाट पर्यटनको प्रवर्धन गर्दै आय आर्जन गर्न सकिन्छ, चुलो चौकोमा सीमित महिलाहरुलाई आम्दानीमा लगाउन सकिन्छ भनेर मैत्री क्लब तानसेले यमरी महोत्सव गरेको क्लबकी पूर्व अध्यक्ष तुम्ला ब्रचायार्यले बताइन्।

यमरी जस्ता परम्परागत कला संस्कृति जोगाउन तानसेन नगरपालिका तथा वडा कार्यालयहरुले बजेट नै विनियोजन गरी सहयोग र सहकार्य गर्दै आएका छन्। परम्परागत कला संस्कृति, खान, पान रहन सहनले शहर बजारलाई चलायमान बनाउने, आर्थिक कारोबार बढाउने, नगरपालिकाले समुदायको मागको आधारमा नीति कार्यक्रम र बजेटमार्फत् नै सम्बोधन गर्दै आएको तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले बताए।

महोत्सवमा दर्शकहरुले स्टलमै यमरी बनाएको हेर्दै सिक्दै, पकाउँदै खाएर रमाएका छन्। महोत्सवमा एक पुस्ताबाट अर्को पुस्ताले यमरी बनाउन सिकेका छन्। यमरी महोत्सवले दुई/चार जनामा सीमित रहेको यमरी बनाउने सीप अहिले तानसेनका नेवार घरपरिवारमा फैलिंदै गएको छ। घर तथा महोत्सवमा मात्र सीमित रहेको यमरी परिकारलाई आगामी दिनमा होटल तथा रेष्टुराँहरुमा पनि उपलब्ध गराउने तयारीमा तानसेनका नेवारी समुदायहरु लागेका छन्।

# विजनेश इन्कुवेशनबाट १४ नवउद्यमीले लिए लाभ



बुटवल। बुटवल उद्योग वाणिज्य संघले सञ्चालन गरेको विजनेश इन्कुवेशन कार्यक्रम सकिएको छ। गएको बैशाखबाट सुरु गरिएको तेस्रो चरणको विजनेश इन्कुवेशन कार्यक्रमको शुक्रबार औपचारिक रुपमा समापन गरिएको हो। यो विजनेश इन्कुवेशनमा सहभागि हुनका लागि २४ जना नवउद्यमीले आवेदन दिएकोमा १४ जनालाई छनौट गरि सहभागी गराइएको संघले जनाएको छ।

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, लघु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको आर्थिक सहयोगमा सञ्चालन गरिएको विजनेश इन्कुवेशन कार्यक्रममा प्राकृतिक, स्थानीय स्तरमा पाईने, खेर गईरहेका बस्तुलाई कच्चा पदार्थको रुपमा प्रयोग गरेर उद्यम सुरु गरेका नवउद्यमीहरुलाई सहभागी गराइएको बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले जानकारी गराए। नवउद्यमीका लागि पनि यो एउटा राम्रो अवसर भएको उनको भनाइ छ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले नेपालभर करिव ४० वटा विजनेश इन्कुवेशन केन्द्र स्थापना भएको जानकारी गराउँदै अहिले बुटवल उद्योग वाणिज्य संघले मात्रै तालिम कार्यक्रम सञ्चालन गरिरहेको बताए। उनले विजनेश इन्कुवेशन कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग गरेकोमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, लघु तथा साना उद्योग प्रवर्द्धन केन्द्रलाई धन्यवाद व्यक्त गर्दै नवउद्यमीहरुलाई शिड मनीको रुपमा आर्थिक सहायता प्रदान गर्न पनि सरकारसंग आग्रह गरे।

देशमा उद्यमशिलता विकासको आवश्यकता रहेकोमा जोड दिँदै नवउद्यमी युवाहरुलाई स्वदेशमा रोक्नका लागि पनि उद्योग व्यापार व्यवसायको विस्तारका लागि शिड मनी आवश्यक रहेको उनले बताए।

लघु तथा साना उद्योग प्रवर्द्धन केन्द्रका प्रमुख सहसचिव वेदप्रसाद खरेलले नेपालमा नेचुरल रिसोर्सेसको आधारमा सञ्चालन गरिने उद्योग दीगो र भरपर्दो हुनसक्ने बताए। उनले नेचुरल रिसोर्सेसका आधारमा बजारको माग अनुसारका बस्तुको उत्पादनले मागको पूर्ति पनि हुने र उद्योग पनि चल्ने बताउँदै प्राकृतिक स्रोत साधनमा आधारित भएर खेर जाने बस्तुको प्रयोग गरेर उद्योगको सुरुवातले अरु उद्यमीहरुलाई पनि सकारात्मक सन्देश दिएको जनाए। सहसचिव खरेलले सरकारले गर्न नसकेको काम निजी क्षेत्रले गरिरहेको बताउँदै निजी क्षेत्रको रचनात्मक गतिविधिले सरकारलाई पनि सहयोग मिलेको भनाइ राखेका थिए। उनले नवउद्यमीहरुलाई छिमेकी भारत र चिनका उद्योगीहरुसंग प्रतिस्पर्धा गर्नुपर्ने भएकाले गुणस्तरीय प्रतिस्पर्धी क्षेमताका बस्तुको उत्पादन गर्न आग्रह गरे।

त्यसैगरी संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजूले उद्यमशिलता विकासका लागि विजनेश इन्कुवेशन कार्यक्रम प्रभावकारी भएको बताउँदै बजेटमा निरन्तरता दिन आग्रह गरे।

त्यस अवसरमा संघका पूर्वअध्यक्ष अर्जुनमान सैंजू, वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, महासचिव मुक्तिप्रसाद अधिकारी, रुपन्देही व्यापार संघका सचिव मनहरी बस्याललगायतले नवउद्यमीलाई उद्यमशिलता विकाससंगै सरकारले लगानी गर्ने वातावरण सुनिश्चित गर्नुपर्ने र निजी क्षेत्रको मनोवल पनि बढाउनु पर्ने भनाइ राखेका थिए। विजनेश इन्कुवेशन कार्यक्रममा सहभागि नवउद्यमीहरुले आफ्नो आफ्नो उद्योगका उत्पादनको डेमोस्ट्रेसन सहित उत्पादित बस्तुको बारेमा जानकारी गराएका थिए। त्यस्तै आवश्यक थप लगानीका लागि सहायता माग गरेका थिए।

बुटवल उद्योग वाणिज्य संघले २०७६ सालमा विजनेश इन्कुवेशन सेन्टर स्थापना गरि कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस अगाडि पनि संघले २ पटक यो कार्यक्रम सञ्चालन गरिसकेको थियो। ती कार्यक्रममा सहभागिहरु राम्रो उद्यम सञ्चालन गरिहेको संघले जनाएको छ। विजनेश इन्कुवेशन कार्यक्रम सञ्चालन अवधिमा मास्टर क्लास, व्यवसायिक विकास सम्बन्धि कोचिङ, डिजिटल मार्केटिक तालिम, व्यवसाय दर्ता तथा ऐन कानुन सम्बन्धि कुराहरुको समेत प्रशिक्षण गरिएको संघका कार्यकारी निर्देशक मदनकुमार कार्कीले जानकारी गराए। उनका अनुसार विजनेश इन्कुवेशनमा सहभागी नवउद्यमीहरुलाई व्यवसायका व्यवहारिक कुराहरु, उत्पादित बस्तुको बजार, उपभोक्ता (ग्राहक), बस्तु विकास, बस्तुको बजार परीक्षण, बजारका लागि सञ्जाल विस्तार, बजारीकरणका सीपलगायतका कुराहरु सिकाइएको छ।

# आत्मरक्षा बचत तथा ऋण सहकारीको साधारणसभा

देवदह। आत्मरक्षा बचत तथा ऋण सहकारी संस्था देवदह-१०, को १३औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। संस्थाका अध्यक्ष राजेन्द्र पराजुलीको अध्क्षयता र देवदह नगरपालिकाका पुर्व नगर प्रमुख हिराबहादुर खत्रीको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रमको उद्घाटन गर्दै खत्रीले शेयर सदस्यहरुलाई उत्पादनसंग जोड्न आवश्यक रहेकोमा जोड दिए। उनले सहकारीका शेयर सदस्यहरुलाई ऋणि नभई उद्यमी बनाउन आवश्यक रहेको औंल्याउँदै उत्पादनसंग जोड्न सकेमात्र आर्थिक उन्नति हुने बताए। खत्रीले सहकारी आर्थिक विकासको मेरुदण्ड भएकोले सहकारीका शेयर सदस्यहरुले अनिवार्य रुपमा बचत गर्ने वानीको विकास गर्नुपर्नेमा जोड दिए।

सहकारीले आर्थिक, सामाजिक र सांस्कृतिक विकास संगै महिला शसक्तिकरण तथा नेतृत्व विकासमा उल्लेखनीय भूमिका निर्वाह गरेको उनले बताए। सहकारीमा आएको समस्या शहर केन्द्रित र केही सहकारीहरुले सहकारी ऐनको दुरुपयोग गरेका कारण समस्या आएको बताउँदै सदस्य केन्द्रित सहकारीमा कुनै समस्या नरहेको खत्रीले जनाए।

कार्यक्रममा देवदह-१०, का वडासदस्य अमर लामिछाने, वडा नम्वर ९ का वपड सदस्य कृष्णमाया राना, सस्थापक अध्यक्ष लेटबहादुर पुन, पूर्वअध्यक्ष जीतबहादुर पाईजा, रोहिणी सामुदायिक वनका अध्यक्ष चन्द्रबहादुर रसाईली, सल्लाहकार हस्तबहादुर थापा, हेमलाल पाण्डेलगायतले आ-आफ्ना भनाइ राखेका थिए।

कार्यक्रममा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष पराजुलीले संस्थाको कुल सम्पत्ति तथा दायित्व १९ करोड ८५ लाख ३८ हजार पुर्याउने लक्ष्यरहेको बताए। उनले यस आर्थिक वर्षमा २१४४ शेयर सदस्य रहेकोमा २२५ जना थप गरी २३ सय ६९ जना पुर्याउने लक्ष्य प्रस्तुत गरे। कार्यक्रममा संस्थाका कोषाध्यक्ष ओमबहादुर अधिकारीले आर्थिक प्रतिवेदन, लेखा संयोजक लालबहादुर अधिकारीले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रममा असल ऋणि, उत्कृष्ट बचतकर्ता, उत्कृष्ट व्यवसायीलाई सम्मान गरिएको थियो। संस्थाका उपाध्यक्ष खेमलाल चापागाईंको स्वागत र सचिव लता चापागाईंको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो।




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक ः टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन ः ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com